# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले फागुन १ गते काठमाडौंमा ग्लोबल आईएमई बैंक लिमिटेडले प्यासिफिक डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती (Acquisition) पछिको एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।



एकीकृत कारोबारको अवसरमा डा. नेपालले बैंकरहरूलाई सञ्चालकको आदेश मान्ने काम मात्र नगरी आफ्नो व्यावसायिकतालाई ध्यान दिन आग्रह गर्नु भयो । बैंक सञ्चालकहरूले पनि जथाभावी कर्जा प्रवाह गर्ने र बढी नाफा कमाउने कार्य गर्न व्यवस्थापनमाथि दबाब दिन नहुने धारणा उहाँले राख्नु भयो । बैंकले नाफाको प्रतिशत हेर्नु भन्दा पहिला गुणस्तरीय सेवा पुर्‍याउने कार्यमा जोड दिनु पर्ने कुरा उहाँले बताउनु भयो ।

राष्ट्र बैंकले छिट्टै कर्जा सम्बन्धी कार्यविधि ल्याउने तयारीमा रहेको बताउँदै गभर्नर डा. नेपालले वित्तीय क्षेत्रको स्थायित्वका लागि ऋणीले पनि धेरै हौसिएर कर्जा बढाउनुभन्दा आफ्नो क्षमता मूल्यांकन गर्नु पर्नेमा जोड दिनु भयो ।

मर्जरको उद्देश्य पूँजी वृद्धि गरी बैंक तथा वित्तीय संस्थाहरुलाई ठूलो आयोजनामा आफ्नो लगानी वृद्धिमा सक्षम बनाउनु रहेको हो भन्नु हुँदै गभर्नर डा. नेपालले देशको अर्थतन्त्र सुधारोन्मुख रहेको, शोधनान्तर बचत सन्तोषजनक रहेको र आर्थिक वृद्धि लक्ष्य अनुरुप नै हुने देखिएको बताउनु भयो । वित्तीय क्षेत्रमा हाल केही असहजता देखिएको तर त्यो सामान्य रहेको उहाँले उल्लेख गर्नु भयो ।

मुलुकभित्र उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने तथा नेपालमा छिमेकी मुलुकबाट आयात भएका खाद्यान्न वस्तु मुलुकभित्रै सजिलै उत्पादन गर्न सकिने भएतापनि हामी नेपालीले त्यस्ता क्रियाकलापमा अगाडी बढ्न नसकेकोमा गभर्नर डा. नेपालले चिन्ता व्यक्त गर्नु भयो ।




देशमा लगानीको प्रशस्त सम्भावना रहेकोले निजी क्षेत्रले यसको फाइदा लिन आग्रह गर्नुहुदै गभर्नर डा. नेपालले दुई दशकभन्दा अघिदेखि राज्यले निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिएपनि निजी क्षेत्रले त्यसको उपयोग गर्न नसकेको र निजी क्षेत्र उद्योग धन्दाको विकासमाभन्दा केवल व्यापार व्यवसायमा मात्र लागेको वताउनुभयो ।

सो कार्यक्रममा गभर्नर डा. नेपालले ग्लोबल आईएमई बैंक लिमिटेडको उत्तरोत्तर प्रगतिको लागि शुभकामना समेत व्यक्त गर्नु भयो ।

२०७३ फागुन १, आइतबार

गभर्नरको कार्यालय